पञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर सुर्खेत

कर्णाली प्रदेश नेपाल

प.सं. २०७९/०८०

च. नं.

मितिः २०७९/०९/१७

## सूचना!! सूचना!! सूचना!!

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को स्विकृत बजेट तथा कार्यक्रम बमोजिम जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागी भएका आन्दोलनमा घाईते भई अपाङ्ग भएका व्यक्तिलाई **"घाईते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०७९"** अनुरुप घाईते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरणको कार्यक्रम रहेको हुदाँ साविकको गा.वि.स. (सालकोट, बाबियाचौर, विद्यापुर, तातापानी र छाप्रे) मा स्थायी बसोबास गरी हाल यस पञ्चपुरी नगरपालिकाका विभिन्न वडाहरुमा बसोबास गर्दै आएका **घाईते अपाङ्गता भएका व्यक्तिहरुले** तपसिलको मिति, समय र स्थानमा **जीवन निर्वाह भत्ता** प्राप्त गर्नका लागी देहायको कागजात सहित निर्देशिकाले तोकेको ढाँचा बमोजिम निवेदन पेश गर्नुहुन अनुरोध छ । साथै निवेदनको ढाँचा यस नगरपालिकाको कार्यालयबाट कार्यालय समयमा लिन सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिलः

मितिः २०७९ पौष १७ गते देखी २०७९ पौष २४ गते सम्म ।

समय कार्यालय समय भित्र (१०:००-४:०० बजे) भित्र ।

स्थानः पञ्चपुरी नगरपालिका, बाबियाचौर, सुर्खेत ।

निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२. श्रेणी खुलेको घाईते अपाङ्गताको प्रमाणपत्रको प्रतिलिपी
३. बैङ्क खाता नम्बर खुल्ने कागजात

(गोकर्ण नाथ योगी)
प्रमुख प्रशासकीय अधिकृत

गोकर्ण नाथ योगी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः सम्पुर्ण वडा कार्यालयहरू (१-११), पञ्चपुरी नगरपालिका, सुर्खेत ।
सूचना पाटीमा टासँ गरि सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउनुहुन ।